ठूलो फोहोर सङ्कलन (अग्रिम आवेदन आवश्यक, सशुल्क)

घरबाट नस्किने फोहोर जुनको अधकितम लम्बाइ वा व्यास ३० से.मी. भन्दा बढी, अथवा १ मटिर भन्दा लामो लठ्ठीजस्तो आकारको फोहोर, ३० से.मी. भत्रि राखएिको ९० लटिर सम्मको झोलामा रहेको फोहोर यसमा पर्छ। कम्पनी र पसलहरू जस्ता घर बाहेकका स्थानबाट नस्किने फोहोर सङ्कलन गर्न सकिँदैन। वस्तु र आकार अनुसार शुल्क नर्धिारण गरएिको छ। (शुल्क आवेदन गर्दा बताइनेछ)।

* एयर कण्डिसनर, टेलिभिजन, फ्रिज, फ्रीजर, वाशिङ मेशिन, कपडा सुकाउने मेशिन लगायतका सामग्रीहरू जापानको इलेक्ट्रीक रिसाइकल कानूनअन्तर्गत पर्दछन् र ओसाका शहरमा यसलाई सङ्कलन गर्न सकिँदैन। (पृष्ठ २ हेर्नुहोस्)

〈सङ्कलन प्रक्रिया〉 ठूला फोहोर सङ्कलनको लागि आवेदन गर्नुहोस् → शुल्क टिकट किन्नुहोस् → सङ्कलनको दिनमा फोहोर बाहिर राख्नुहोस्

ठूला फोहोर सङ्कलनको लागि आवेदन गर्नुहोस्

ठूला फोहोर सङ्कलन स्वीकृति केन्द्र

ईन्टरनेटबाट आवेदन (शुल्कका लागि क्यासलेस भुक्तानी उपलब्ध छ)

https://ecolife.e-tumo.jp/kankyo-osaka-u/

२४ घण्टा, ३६५ दिन, जुनसुकै समयमा आवेदन दिन सकिन्छ।
कम्प्युटर, स्मार्टफोन आदि बाट पहुँच गरेर, स्क्रीनमा देखाइएका निर्देशनहरू पालना गरेर आवेदन दिनुहोस्।

ल्याण्डलाइन टेलिफोनबाट आवेदन

0120-79-0053

फोनको शुल्क: निःशुल्क

मोबाइल फोन र स्मार्टफोनबाट आवेदन

06-6530-1530

फोनको शुल्क: सशुल्क

स्वीकृति केन्द्रले जाँच गर्ने बुँदाहरू
- ठेगाना
- नाम
- फोन नम्बर (सम्पर्क ठेगाना)
- फोहोर राख्ने स्थान
- ठूलो फोहोरको प्रकार, आकार र मात्रा

स्वीकृति केन्द्रबाट बताइने बुँदाहरू
- सङ्कलन मिति
- स्वीकृति नम्बर
- प्रत्येक प्रकारको लागि आवश्यक शुल्क रकम



स्वीकृति मिति

सोमबार～शनिबार (सार्वजनिक बिदा: स्वीकृति सम्भव) ९ बजे～१७ बजे

डिसेम्बर २९ ～ जनवरी ३ बाहेक

* सोमबार र सार्वजनिक विदाको अर्को दिन, साथै स्वीकृति सुरु भए तुरुन्तै, धेरै आवेदन आउने कारणले गर्दा फोन लाग्न गाह्रो हुन सक्छ।

* सङ्कलन मिति, आइतबार र जनवरी १ देखि ३ सम्म बाहेक, आवेदन मिति बाट तीन दिन पछि वा एक महिना भित्रको मिति हुन सक्छ।

* यदि फुरेआई सङ्कलन (१ पृष्ठ हेर्नुहोस्) चाहिन्छ भने, कृपया तपाईंको आवास स्थानको उत्तरदायी वातावरणीय सेवा केन्द्रमा (८ पृष्ठ हेर्नुहोस्) भन्नुहोस्।

ठूलो फोहोर प्रशोधन शुल्क स्टिकरको खरीद

"ठूलो फोहोर प्रशोधन शुल्क टिकट बिक्री स्थल" ले चिन्न सकिने टिकट भएको ओसाका सिटीको कन्भिनियन्स स्टोर, सुपरमार्केट र विभिन्न वातावरणीय सेवा केन्द्रहरूमा "ठूलो फोहोर प्रशोधन शुल्क टिकट" (तल, शुल्क टिकट) उपलब्ध छन्।



प्रत्येक प्रकारको वस्तुको लागि आवेदन दिएको शुल्क रकमको आधारमा शुल्क टिकट खरीद गर्नुहोस्। शुल्क टिकटको २०० येन, ४०० येन, ७०० येन, १००० येन को चार प्रकार छन्।

(नमूना)



- शुल्क टिकटको कुनै पनि रकम फिर्ता गर्न सकिँदैन।
  किन्दा कुनै त्रुटि नगर्न एकदम ध्यान दिनुहोस्।
- शुल्क टिकट पुनःजारी गर्न सकिँदैन।
  हराउन, बिगार्न, वा गलत टिकट टास्न बाट बच्नुहोस्।
- ईन्टरनेट मार्फत आवेदन गर्दा क्यासलेस भुक्तानी प्रयोग गर्दा शुल्क टिकटको खरीद आवश्यक छैन।

फाल्ने तरिका र सावधानीहरू

- आवेदन गरिएको सङ्कलन मितिको बिहान ८:३० बजेसम्म, घरको अगाडि (संयुक्त आवासमा निर्दिष्ट स्थान)मा फाल्नुहोस्।
- शुल्क टिकट (स्टीकर) मा स्वीकृति नम्बर वा नाम लेख्नुहोस् र प्रत्येक वस्तुमा स्पष्ट रूपमा देखिने स्थानमा टासेर फाल्नुहोस्।
- क्यासलेस भुक्तानी प्रयोग गर्दा, स्वीकृति नम्बरलाई कागजमा लेखेर गम टेप आदिले राम्रोसँग टास्नुहोस् या सिधै फोहोरमा लेखेर फाल्नुहोस्।



ध्यान दिनु पर्ने कुरा
- आवेदन नगरेका, स्वीकृति नम्बर आदि चेक गर्न नसकिने, वा शुल्क टिकटको रकम अपूर्ण रहेका वस्तुहरू सङ्कलन गर्न सकिँदैन।
- शुल्क टिकटको "खरीददार प्रतिलिपी (रसीद)" सङ्कलन समाप्त नभएसम्म सुरक्षित राख्नुहोस्।
- बिछ्यौनाहरू आदि, आदिलाई बन्डल गर्नुहोस् ताकि यसले धेरै ठाउँ नओगटोस्।
- इन्धन, तेल आदि र ब्याट्रीहरू निकालेर बाहिर राख्नुहोस्।
- बाहिर राख्ने आकारमा जस्तो भए तापनि, शुल्क रकम पहिलेको अवस्थामा हुनेछ।

श्रवण, आवाज, वा भाषा सम्बन्धी असमर्थता भएका व्यक्तिहरूले फ्याक्स वा कार्डमार्फत आवेदन गर्न सक्नुहुन्छ।

ठेगाना, नाम, ठूलो फोहोरको प्रकार, आकार र मात्रा लेखेर दायाँ लेखिएअनुसार आवेदन गर्नुहोस्।
(फ्याक्स गर्दा, फ्याक्स नम्बर पनि लेख्नुहोस्।)

फ्याक्सको अवस्थामा
- ठूलो फोहोर सङ्कलन स्वीकृति केन्द्र ०१२०-५३-४१५३ (फोनको शुल्क: निःशुल्क) मा पठाउनुहोस्।
- सङ्कलन मिति, स्वीकृति नम्बर, र प्रत्येक वस्तुको शुल्क रकम फ्याक्समार्फत तपाईंलाई जानकारी दिइनेछ।

कार्डको अवस्थामा
- तपाईंको आवास स्थानको उत्तरदायी वातावरणीय सेवा केन्द्रमा (८ पृष्ठ हेर्नुहोस्) कार्डमार्फत आवेदन दिनुहोस्।
- सङ्कलन मिति, स्वीकृति नम्बर, र प्रत्येक वस्तुको शुल्क रकम कार्डमार्फत जानकारी दिइनेछ।

* यदि जीवन सहायता प्राप्त गर्नु भएको छ भने, आवेदनमा शुल्क छुट दिन सकिन्छ, त्यसका लागि तपाईंको स्थानको वातावरणीय सेवा केन्द्रमा सोधपुछ गर्नुहोस्।